NEWS
THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

शीघ्र प्रकाशनका लागि
मङ्गलबार, चैत्र ५, २०६४ (मार्च १८, २००८)

सम्पर्क ठेगाना :
एटलान्टामा : डेबोरा हेक्स, १ ४०४ ४२० ५१२४
काठमाडौँमा : डारेन नान्स, ९७७ १ ४४४ ५०५५/१४४६

## निर्वाचन सम्बन्धित हिंसा अन्त्य गर्न कार्टर सेन्टरको आह्वान

नेपालमा कार्टर सेन्टरको अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण मिसनले विगत १४ महिनादेखि देशमा पूर्व-निर्वाचन वातावरणको पर्यवेक्षण गरेको छ । कार्टर सेन्टर हालै सम्पन्न भइरहेका निर्वाचन तयारी र निर्वाचनसम्बन्धित अभियानहरूबाट उत्साहित भएको छ । यसले अघिल्लो पटक तोकिएका दुई निर्वाचन अवधि, सन् २००७ को जुन र नोभेम्बरको भन्दा उल्लेख्य वृद्धि देखाएको छ । यसका अतिरिक्त, संयुक्त मधेसी लोकतान्त्रिक मोर्चासँगको सम्झौतामा हस्ताक्षर गरिएपछि तराईमा सुरक्षाको स्थितिमा उल्लेख्य सुधार भएको छ, तथापि कैयौं जिल्लाहरूमा सुरक्षा स्थिति कमजोर नै देखिन्छ । सेन्टरका दीर्घकालीन पर्यवेक्षकहरूले समस्त देशभर, नेपाली जनता संविधानसभाको निर्वाचनमा सहभागी हुन उत्सुक रहेको र सफल निर्वाचनले नेपालमा दिगो शान्ति, लोकतन्त्र र समृद्धि ल्याउने अपेक्षा गरेको अभिलेख पेश गरेका छन् ।

यद्यपि, निर्वाचनसम्बन्धी गतिविधि जारी राख्दै र तिनलाई बढाउँदै, राजनीतिक पार्टीहरू र सरकारले चैत्र २८ मा हुन गइरहेको निर्वाचनप्रतिको प्रतिबद्धता मतदाताहरूलाई विश्वस्त पार्नु आवश्यक छ । अघिल्ला दुई पटकको स्थगनले सर्वसाधारण नेपाली चुनावका लागि चैत्रको तिथिप्रति सरकारको विशुद्ध प्रतिबद्धतामा सशङ्कित नै छन् । कार्टर सेन्टर माओवादी र योङ्ग कम्युनिष्ट लिग (वाईसिएल)ले हिमाली तथा पहाडी जिल्लामा जारी राखेका हिंसा र तराईका सशस्त्र समूहका निर्वाचन बिथोल्ने घोषित योजनाप्रति समेत गम्भीर चासो राख्दछ । कार्टर सेन्टरले यी क्रियाकलापको जोडदार भर्त्सना गर्दछ र यसले निर्वाचनको वातावरणलाई उल्लेख्य रूपले धमिल्याउने, मतदाताको सहभागिता न्यूनीकृत गर्ने र निर्वाचनको वैधतामाथि प्रश्न उठ्ने स्थिति निम्त्याउने संभावना देख्दछ ।

संविधानसभाको निर्वाचन पूर्व २२ दिनमात्र बाँकी रहँदा, नेपालमा कार्टर सेन्टरको अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण मिसनले विश्वसनीय र सफल निर्वाचन प्रक्रिया सुनिश्चित गर्नका लागि निम्न सुझावहरू राख्दछ । विशेषतः, कार्टर सेन्टर :

- समस्त पार्टीहरूलाई चैत्र २८ को संविधानसभा निर्वाचनप्रतिको प्रतिबद्धतालाई निरन्तरता दिन र खासगरी गाउँस्तरमा शान्तिपूर्ण निर्वाचन अभियान बढाउने प्रयत्न गर्न आह्वान गर्दछ;

- हालैका साताहरूमा वृद्धि भएका माओवादी र वाईसिएलका हिंसात्मक गतिविधि तत्कालै अन्त्य गर्न आह्वान गर्दछ, जुन गतिविधिहरूले तिनको पार्टी, निर्वाचन र शान्ति प्रक्रियाको विश्वसनीयतामाथि प्रश्न चिन्ह खडा गरिदिन सक्छन्;

- माओवादी र अन्य पार्टीहरुले मतदानका दिन हरेक निर्वाचन क्षेत्रमा २०० जना समर्थकहरु परिचालन गर्ने योजनाको समाचार आएको सम्बन्धमा यसले मतदातामाथि भय सृजना गर्ने तथा पार्टीहरुबीच द्वन्द्व बढाउन सक्ने हुँदा यसप्रति चासो राख्दछ;

- सरकारलाई संयुक्त मधेसी लोकतान्त्रिक मोर्चासँग हस्ताक्षर गरेको र अन्य सम्झौतासमेत पूर्ण कार्यान्वयन गर्न आग्रह गर्दछ । सम्झौतामा निहित मधेसी सशस्त्र समूहहरूसँग वार्ताको उपयुक्त वातावरण बनाउने प्रावधान यथाशीघ्र कार्यान्वयन गरी ती समूहले निर्वाचन प्रक्रियालाई बिथोल्न सक्ने सम्भावनालाई पन्छाउन पनि आग्रह गर्दछ;

- नरमपन्थी मधेसी नेताहरुलाई तिनको प्रभाव सशस्त्र समूहमाथि सार्वजनिक र व्यक्तिगत तवरले उपयोग गर्न आह्वान गर्दछ, जसले गर्दा निर्वाचन बिथोल्ने खालका हिंसा रोकियून् ।

- नेपाल सरकारलाई, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको आत्मबल बढाउन आह्वान गर्दछ जसले गर्दा सुरक्षित निर्वाचनको वातावरण सहज बनाउन ती निकायलाई सजिलो होस् । साथै, मानवअधिकारको संरक्षण गर्ने प्रतिबद्धता कायम राख्दै स्थानीय समुदायका नेताहरूको परामर्शमा समुचित सुरक्षाका उपाय अवलम्बन गर्नका निम्ति पनि सरकारलाई आह्वान गर्दछ;

- राजनीतिक पार्टीहरू, सरकार र निर्वाचन आयोगलाई निर्वाचन आचार संहिताको सम्मान गर्ने र यसलाई कडाइका साथ लागू गराउने साझा जिम्मेवारी पूरा गर्न परामर्श गर्दछ;

- निर्वाचन अवधिमा जनमुक्ति सेना र नेपाल आर्मीले तिनका दायराबाट बाहिर आई निर्वाचन प्रक्रियालाई प्रभावित पार्ने हुन् कि भन्ने भयलाई ध्यानमा राख्दै यी निकायको आचारका नियमसम्बन्धी सार्वजनिक र पारदर्शी सम्झौता गर्न सल्लाह दिन्छ;

- संविधानसभा निर्वाचन र नयाँ निर्वाचन पद्धतिप्रति मतदातालाई परिचित गराउन निरन्तर सघन मतदाता शिक्षाका निम्ति पैरवी गर्दछ;

- निर्वाचन आयोग र सरकारलाई सहकार्यात्मक ढङ्गले निर्वाचनपश्चात्को सङ्क्रमणकालीन योजना, जसमध्ये निर्वाचन परिणाम जारी गर्न आवश्यक समयावधि, निर्वाचनपछि सरकार निर्माण गर्ने प्रक्रिया र संविधानसभाको कार्य थालनी गर्ने पद्धतिहरू पर्दछन्, प्रस्ट रूपले जनतालाई बुझाउन सल्लाह दिन्छ;

- निष्पक्ष र प्रभावकारी घरेलु पर्यवेक्षणको उपस्थितिलाई सुनिश्चित गर्नका लागि घरेलु पर्यवेक्षण सञ्जाललाई आफ्ना पर्यवेक्षकलाई राम्ररी प्रशिक्षित गर्न प्रोत्साहित गर्दछ;

- निर्वाचनसँग सम्बन्धित हिंसा र निर्वाचन आचार संहिताको उल्लङ्घनको निरन्तर भर्त्सना गर्न अन्तर्राष्ट्रिय समुदायलाई सामूहिक आवाज उठाउन आह्वान गर्दछ ।

**####**

*"शान्ति स्थापना, रोगविरूद्ध सङ्घर्ष, आशा सिर्जना ।"*

*द कार्टर सेन्टरले आफ्ना निर्वाचन सम्बन्धी पर्यवेक्षण क्रियाकलापहरू नेपालको प्रचलित कानुन तथा अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणसम्बन्धी सिद्धान्तहरूको घोषणापत्र (Declaration of Principles for International Election Observation) अनुरूप गैर दलगत रूपमा, पेशागत तवरले सञ्चालन गर्दछ । यस केन्द्रले अन्य अन्तर्राष्ट्रिय तथा स्थानीय पर्यवेक्षक प्रतिनिधिहरूसँग निकटतम समन्वय गर्दछ र यसका उपलब्धि तथा सिफारिससम्बन्धी आवधिक विज्ञप्तिहरू आफ्नो वेभ साइट www.cartercenter.org मार्फत प्रकाशन गर्दछ । कार्टर सेन्टर नेपालको उद्देश्य संविधानसभाको निर्वाचन प्रक्रियामा सहयोग पुऱ्याउनु तथा संविधानसभा निर्वाचन प्रक्रियाको स्वतन्त्र मूल्याङ्कनका लागि अन्तर्राष्ट्रिय सहयोग प्रदान गर्नु हो । द कार्टर सेन्टर आफ्ना क्रियाकलापले नेपाली जनताबाट स्वीकारयोग्य विश्वसनीय प्रक्रिया सुनिश्चित गर्न सहयोग पुऱ्याउने र यसले विद्यमान शान्ति प्रक्रियाका उपलब्धिहरूलाई सुदृढ गर्न मद्दत गर्दछ भन्ने अपेक्षा गर्दछ ।*

*मुनाफारहित गैरसरकारी संस्था कार्टर सेन्टरले ७० भन्दा बढी मुलुकहरूमा द्वन्द्व समाधान, प्रजातन्त्रको विकास, मानवअधिकार तथा आर्थिक अवसर, रोगको रोकथाम, मानसिक स्वास्थ्य स्याहारमा सुधार र विकासोन्मुख मुलुकहरूमा किसानहरूलाई उत्पादन वृद्धिका लागि प्रशिक्षणका माध्यमद्वारा मानिसहरूको जीवनस्तर उकास्न सहयोग गरेको छ । कार्टर सेन्टर १९८२ मा अमेरिकाका भूतपूर्व राष्ट्रपति जिमि कार्टर तथा वहाँकी धर्मपत्नी रोजालिनद्वारा एमोरी विश्वविद्यालयसँगको साझेदारीमा विश्वव्यापी रूपमा शान्ति तथा स्वास्थ्यको विकासका लागि स्थापना गरिएको थियो ।*